# नेपाल राष्ट्र बैंक

## मुद्रा व्यवस्थापन विभाग

## बालुवाटारको

## रुपैयाँ १००० दरको नोट चलनचल्तीमा ल्याउने बारेको

## सूचना

यस बैंकले रुपैयाँ १००० दरको साविककै आकार तथा रंगमा तर साविकको एकवटा हात्तीको चित्रको सट्टामा राम र लक्ष्मण भनी चिनिने दुर्लभ जुम्ल्याहा दुईवटा हात्तीहरुको चित्र रहेको, सङ्केत नं. ज/६८ ०००००१ देखि ट/१०० ९९९९९९ सम्म, "नेपाल सरकारको जमानत प्राप्त यसको रुपैयाँ भुक्तानी माग्न आएमा नेपाल राष्ट्र बैंकबाट रुपैयाँ १००० रुपैयाँ एक हजार तुरुन्त पाइने छ ।" भन्ने प्रतिज्ञामूलक वाक्यांश सहित देहाय बमोजिमका विशेषताहरू भएको नोट यही २०७७ साल साउन महिना ७ गते देखि चलनचल्तीमा ल्याउने हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नोटको अग्र भागमा :**

१. नोटको बायाँतर्फ सगरमाथा हिमालको चित्र रहेको ।

२. नोटको दायाँतर्फ ४.०० मिलीमिटर चौडाई भएको चलाएमान (Movement/ Dynamic Effect) हुने तथा NRB र 1000 अंकित भएको सुरक्षण धागो रहेको ।

३. नोटको दायाँतर्फ एक हजार दरको नोट जनाउने अंग्रेजी अंक 1000 को केही अंशको See Through Register रहेको ।

४. नोटको दायाँतर्फ लालीगुराँस र एक हजार दरको नोट जनाउने अंग्रेजी अंक 1000 को पानीछाप रहेको ।

५. नोटको दायाँतर्फ तल्लो भागमा फरक क्षमता भएका (दृष्टिविहीन) व्यक्तिहरुले छामेर नोट पहिचान गर्न सक्ने गरी एक हजार अंक जनाउने रोमन अक्षर M रहेको ।

६. नोटमा गभर्नरको दस्तखत रहने स्थानमा तत्कालीन गर्भनर डा. चिरंजीबि नेपालको दस्तखत रहेको ।

७. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number नेपालीमा वि.सं. २०७६ लेखिएको ।

**नोटको पृष्ठ भागमा :**

१. नोटको माथिल्लो भागमा अंग्रेजीमा NEPAL RASTRA BANK लेखिएको ।

२. नोटको बायाँतर्फ एक हजार दरको नोट जनाउने अंग्रेजी अंक 1000 को बाँकी अंशको See Through Register रहेको ।

३. नोटको मध्य भागमा चितवन जिल्लास्थित सरकारी हात्तीसारमा नेपाल सरकारको स्वामित्वमा रहेका नेपाली हात्तीहरुमध्ये देवीकली भनी चिनिने हात्तीबाट जन्म भएका दुर्लभ मानिने राम र लक्ष्मण भनी चिनिने जुम्ल्याहा दुईवटा हात्तीहरुको चित्र रहेको ।

४. नोटको दायाँतर्फ अंग्रेजीमा RUPEES ONE THOUSAND लेखिएको ।

५. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number अंग्रेजीमा 2019 A.D. लेखिएको ।

**पुनश्च:** यस बैंकको मिति २०७३/११/०३ मा प्रकाशन भएको रु.१००० दरको नोट (सिरिज वि.सं. २०७३/ 2016 A.D.) चलनचल्तीमा ल्याउने बारेको सूचनामा उक्त नोट चलनचल्ती सम्बन्धी अन्तिम संकेत नम्बर (प्रिफिक्स) ज/७० लेखिएकोमा यसै सूचनाबाट ज/६७ कायम गरिएको छ ।